महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

परवानीपुर गाउँपालिका

बारा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
परवानीपुर गाउँपालिका
बारा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

परवानीपुर गाउँपालिका

बारा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय ....

पत्र संख्याः २०७८।७९
च.नं. १२१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
परवानीपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बारा ।

कैफियत सहितको राय

हामीले परवानीपुर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ७५ लाख ७३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ५५ लाख ०२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ लाख ६९ हजार, नियमित गर्नुपर्ने रु १९ लाख ०२ हजार र रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ६ करोड ५१ लाख ५३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड २७ लाख २६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका,अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

....
हुमनाथ सुवेदी
नायब महालेखापरीक्षक

परवानीपुर गाउँपालिका, बारा

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
४०	८२	७५७३				४०	८२	७५७३	५५०२	१९०२	१६९			२०७१	

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
परवानीपुर गाउँपालिका बारा	६५१५३					७५७३	७२७२६

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : परवानीपुर गाउँपालिका, बारा , परवानीपुर गाउँपालिका , बारा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	मुन्ना साह रौनियार	२०७८-१२-१७	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Sunil Chaurasiya	२०७७-६-८	२०७८-१२-१७
लेखा प्रमुख	आयुष कुमार साह	२०७९-५-५	हाल सम्म कार्यरत
लेखा प्रमुख	mukesh Prajapati	२०७७-४-१	२०७९-३-३२
		बेरुजु रकम	७,५७२,९९१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०,२०,४९,७७७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२३,७१,१६,०००	**चालु खर्च**	१४,८२,९९,८१४
प्रदेश सरकारबाट अनुदान	१,६८,९५,०००	**पूँजीगत खर्च**	१२,६२,२५,१९४
राजश्व बाँडफाँट	५,४०,९०,२०६	**वित्तीय/अन्य व्यवस्था**	६,७९,०४,०६०
आन्तरिक आय	३,००,३४,२०८		
अन्य आय	८,३७,९०,००८		

कुल आय	४२,१९,२५,४२२	कुल खर्च	३४,२४,२९,०६८
बाँकी मौज्दात		१८,१५,४६,१३१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिकामा ५ वडा, १५.४८ वर्ग किलोमिटर क्षेत्रफल तथा २२,७८७ जनसंख्या रहेको छ । यस गाउँपालिकाको केन्द्र लिपनीमाल, बारामा रहेको छ ।	
२			**लेखापरीक्षण** यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका	

			व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:	
३			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. ६,२०,७३५।- असुली भई सञ्चित कोष दाखिला भएको छ।	

<u>असुली/ सञ्चित कोष फिर्ता</u>

कार्यक्रम/ब.उ.शी.नं.	वापत	रकम	मिति	दाखिला भएको बैङ्क
संघिय शसर्त	नाला ढलान उ.स.बाट असुल	९०४६	२०७९।१०।९	राष्ट्रिय बाणिज्य बैंक
कार्यक्रम खर्च	मापदण्ड भन्दा बढी दर	११६०००	२०७९।१०।२७	नविल वैक लिमिटेड
सामाजिक सुरक्षा भत्ता	सामाजिक सुरक्षा बढी निकासा भएको	४,९५,६८९।-	२०७९।१०।११	नविल बैंक लिमिटेड

४

वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः

विवरण	यस वर्ष रु.			गतवर्ष रु.	
	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	३७२५३७६६०	३४१९१५४९८	३४१९१५४९८	६५८९५६१७	६५८९५६१७
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	३४८५९६५९८	३३८१३५४१३	३३८१३५४१३	५३४५३९९४	५३४५३९९४
११००० कर	८७०८५५९८	७६४५१९३९	७६४५१९३९	६६०२३४५१	६६०२३४५१
१३००० अनुदान	२५४०११०००	२५४०११०००	२५४०११०००	-१४६८६७०५	-१४६८६७०५
संघीय सरकार	२३७११६०००	२३७११६०००	२३७११६०००	-१४६८६७०५	-१४६८६७०५
प्रदेश सरकार	१६८९५०००	१६८९५०००	१६८९५०००	०	०
१४००० अन्य राजस्व	७३००००००	७५९२३७४	७५९२३७४	२११७२४८	२११७२४८
१५००० विविध प्राप्ति	२०००००	८०१००	८०१००	०	०
ख. अन्य प्राप्ति	२३९४१०६२	३७८००८५	३७८००८५	१२४४१६२३	१२४४१६२३
कोषहरु	१०६४३०६२	०	०	०	०
धरौटी	०	३७८००८५	३७८००८५	१२४४१६२३	१२४४१६२३

			संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	१३२९८०००	०	०	०	०	
			भुक्तानी (ग+घ)	४६८३७७०६०	२७८५५१८९१	२७८५५१८९१	३११२५०७२५	३११२५०७२५	
			ग. भुक्तानी (सञ्चित कोषबाट)	४४४४३५९९८	२७४५२५००८	२७४५२५००८	३०२०२८५५०	३०२०२८५५०	
			२१००० पारिश्रमिक / सुविधा	७२२५९०००	६३९६८२४४	६३९६८२४४	६४५१४४१८	६४५१४४१८	
			२२००० मालसामान तथा सेवाको उपयोग	९८२२८०००	७७२०३२२२	७७२०३२२२	६७८६४७८८	६७८६४७८८	
			२५००० सहायता	३४०००००	१८४९७००	१८४९७००	०	०	
			२६००० अनुदान	८०००००	०	०	६१४७७५३	६१४७७५३	
			२७००० सामाजिक सुरक्षा	९२२४०००	३४३४७४८	३४३४७४८	३७२८५५७	३७२८५५७	
			२८००० अन्य खर्च	२६०००००	१८४३९००	१८४३९००	१८३३६५८	१८३३६५८	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	२५७९२४९९८	१२६२२५१९४	१२६२२५१९४	१५७९३९३७६	१५७९३९३७६	
			घ. अन्य भूक्तानी	२३९४१०६२	४०२६८८३	४०२६८८३	३११२५०७२५	३११२५०७२५	
			कोषहरु	१०६४३०६२	१०५०००	१०५०००	१६७६६७५	१६७६६७५	
			धरौटी	०	३९२१८८३	३९२१८८३	७५४५५००	७५४५५००	
			संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	१३२९८०००	०	०	०	०	

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td>-९५८३९४००</td><td>६३३६३६०७</td><td>६३३६३६०७</td><td>-२४५३५५१०८</td><td>-२४५३५५१०८</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td>१०२०४९७७७</td><td>१०२०४९७७७</td><td>१९९०८९६३७</td><td>१९९०८९६३७</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td>-९५८३९४००</td><td>१६५४१३३८४</td><td>१६५४१३३८४</td><td>-४६२६५४७१</td><td>-४६२६५४७१</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td></td><td>१६५४१३३८४</td><td>१६५४१३३८४</td><td>९९४३३३७२</td><td>९९४३३३७२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरण परीक्षण (स्थानीय तह)</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ९,९४,३३,३७२।- मौज्दात रहेकोमा यो वर्ष रु. १०,२०,४९,७७६.७४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २६,१६,४०४.४६ बढी जिम्मेवारी सारेको छ । साथै (म.ले.प.फा.नं २७२) को स्थानीय तह सञ्चित कोष खाता अनुसूची- १० अनुसार रु. ८,६६,५४,८८०.४७ र वार्षिक प्रतिवेदन-५ अनुसार रु. ८,६२,३७,५९१.२१ फरक रु. ४१७२८९.२६ फरक रहेको छ। अतः गत वर्ष बैंक खातामा रहेको रकम यकिन गरी जिम्मेवारी सार्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण</td><td></td></tr>
</table>

(म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

क.स.	कोष/खाता	शुरुकोमौज्दात	श्रेस्ताअनुसार अन्तिम मौज्दात	वैकअनुसार अन्तिम मौज्दात	फरक
१	ग २.१ -चालू खर्च खाता- विजोर वर्ष	०	२६७६६४३६	२८४३८७१४	-१६७२२७७.८
२	ग २.३ -पूँजिगत खर्च खाता- विजोर वर्ष	०	४१४००७१४	४७१५६८८६	-५७५६१७२.
३	ग ३.१ -स्धानीय तह धरौटी खाता	५१६९१२३	५०२७३२५	५०२७३२५	०.
४	ग ४.१ -स्थानीय तह सञ्चित कोष खाता	८६२३७५९१	८१६८०८४७	९७८१३५९४	-१६१३२७४७.३
४	ग ७.२ -स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१०६४३०६२	१०५३८०६२	१०५३८०६२	
कुल जम्मा		१०२०४९७७७	१६५४१३३८४	१८८९७४५८१	-२३५६११९७.१
चेक साट्नबाँकी रकम					७४२८४४९.८
फरक					-१६१३२७४७.३
स्थानीय आर्थिक विकासका लागि महिला उद्यमशीलता					१५०००००.
स्रेस्ता भन्दा बैंक बढी आय पहिचान नभएको					११३२७४७.३

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच रु. २,३५,६१,१९७।— फरक रहेकोमा मधेस प्रदेशबाट प्राप्त स्थानीय आर्थिक विकासका लागि महिला उद्यमशीलता १ करोड ५० लाख र स्रेस्ता भन्दा बैंक बढी आय पहिचान नभएको रु. ११३२७४७।— आयको स्रेस्तामा समवेश नभएकोले हिसाब मिलान गर्नुपर्दछ

			।	
५.४			**दायित्व —** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न चेक साट्न बाँकी (प्रतिवेदन-२०)कर दायित्व रु.. १७७९५७४.७७ देखाएको छ । चेक साट्न बाँकी लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.	६९,१२५
			<table><tr><td>मिति</td><td>चेकनं.</td><td>रकम</td><td>विवरण</td></tr><tr><td>२०७९/०१।७</td><td>७४०६११५</td><td>६९१२५</td><td>कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन</td></tr></table>	
५.५			**वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६,३८, ७७,१७६।-सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।	
६			**फरक हिसाब —** यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा गाउँपालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २६१६४०५।- , यस वर्षको प्राप्ति रु.८,००,०९,९२४।- ,यस वर्षको भुक्तानी रु. ६३८७७१७६।- र बैङ्क मौज्दात रु. १६१३२७४७।- फरक परेको छ । सुत्रमा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले गाउँपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।	

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	९९४३३३७२.२८	३४१९१५४९८	२७८५५१८९१	१६५४१३३८४
एकीकृत आर्थिक विवरणअनुसार	१०२०४९७७७	४२१९२५४२२	३४२४२९०६७	१८१५४६१३१
फरक	-२६१६४०५	-८०००९९२४	-६३८७७१७६	-१६१३२७४७

७ **बजेट तथा कार्यक्रम (स्थानीय तह)**

७.१ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल २१० वटा योजनामा वजेट विनियोजन गरेको छ ।

विवरण	बजेट रु.(हजारमा)	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ -२० लाख सम्मका योजनासङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या	खर्च	प्रगति
गाउँपालिका स्तरीय	९२७९५	८४	९	३९	३६	४३०५९	६९
दायित्व सृजना	५३८०९	३६	७	१८	११	३९९७६	३३
वडा स्तरीय-१	९७८५	१७		६	११	४१५६	१३

वडा स्तरीय-२	१३८००	१८	१	८	९	९४५५	१५
वडा स्तरीय-३	९९३५	१६	१	३	१२	३५२१	१३
वडा स्तरीय-४	१७७५०	२४	१	१३	१०	७५२२	२३
वडा स्तरीय-५	१३४००	१५	१	८	६	५२०५	१२
जम्मा	२११२७४	२१०	२०	९५	९५	११२८९४	१७८

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७८ वटा योजनामात्र कार्यान्वयन भई ३२ वटा योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७.२			**गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व २६ योजनाको रु. ५,३८,०९,०००।- बजेटमा समावेश गरी ४,०९,७२,४९९।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।	
७.३			**योजना तथा वजेट कार्यान्वयन**-यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छ • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।	

<table>
<tr><td></td><td></td><td></td><td>

- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १२ करोड ६२ लाख २५ हजार १९४ भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड १२ लाख ७९ हजार ४५० , दोश्रो त्रैमासिकमा रु. २ करोड ४७ लाख ७७ हजार ९०९ तेस्रो त्रैमासिकमा रु. ४ करोड ५ लाख ९९ हजार ३१८, चौथो त्रैमासिकमा रु. ४ करोड ९५ लाख ६८ हजार ५१७ र असार महिनामा मात्रै रु. ३ करोड ९० लाख ४७ हजार ५७९ भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १२ करोड ६२ लाख २५ हजार १९४ को खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ३ करोड १३ लाख ५१ हजार रकमान्तर गरेको छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन । उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>

पेश्की बाँकी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. २३४१२५.- बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार ब्याज असुल गरी फस्यौंट गर्नुपर्ने रु..

<table>
<tr><td>पेश्कीलिएको मिति</td><td>गो. भौ. न.</td><td>पेश्कीको विवरण</td><td>पेश्की लिने व्यक्ती फर्मवा कम्पनीको नाम</td><td>रकम</td><td>ब.उ.शी.नं.</td></tr>
<tr><td>०७/१५/२०७८</td><td>५०</td><td>मेला महोत्सव दशैं छठ</td><td>सन्तोष कुमार नेपाली</td><td>१०००००</td><td>गा.पा. चालु</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>२३४१२५</td><td></td></tr>
</table>

</td><td>१००,०००</td></tr>
</table>

९			**नियन्त्रण प्रणाली**	
९.१			आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः • गाउँपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन । • गाउँपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन । • सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ। • निजामती सेवा ऐन २०४९ बमोजिम यस गाउँपालिकाकामा कार्यरत ११ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन । • ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन। • गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन । • भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। गाउँगाउँपालिकाले भ्रमण तथा अनुगमन वापत रु.३१ लाख ८३ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही	

			औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ गाउँपालिकाले रु.१८ लाख १८ हजार खर्च गरेको छ । विविध कार्यक्रम खर्च शिर्षकमा वजेट विनियोजन गरेकोमा उक्त शिर्षकबाट समेत खाजा खाना लगायत विविध खर्च गरेको देखिन्छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । • गाउँपालिकाले चालु खर्चका चापाकल, कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो । • गाउँपालिका भित्रका ९ वटा संचालित सामुदायिक विद्यालयहरुको अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन। • शिक्षा ऐन र नियमावली अनुसार नगर शिक्षा समिति गठन भएको छैन् । शिक्षा समिति गठन गरी नियमन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ । • संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन । तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
९.२			आन्तरिक लेखापरीक्षणः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोवारको नियमितता, मितव्ययीता, कार्यदक्षता र औचित्यताको आधारमा प्रत्यक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तारिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। तर गाउँपालिकाले यस वर्ष आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रणलाई प्रभावकारी र सुदृढ गर्नुपर्दछ।	
९.३			जिन्सीको निरिक्षण प्रतिवेदन कार्यान्वयन : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ९४ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरिक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा २० थान ल्यापटप, २२ थान मोटराईकल, १६ थान डेक्सटप कम्प्यूटर, ४ थान मोवाईल लगायतको ८४ प्रकारका विभिन्न	

			सामग्री मौज्दात रहेको देखिन्छ। जस मध्ये १ थान क्यामरा, ३ थान डेक्स्टप, ९ थान ल्यापटप, १६ थान प्रिन्टर तथा मोटरसाईकल लगायतको सामग्री मर्मत गर्नुपर्ने उल्लेख छ। कार्यालयले लिलाम गर्नुपर्ने सामग्री लिलाम नगर्दा र मर्मत गर्नुपर्ने सामग्री मर्मत नगराएवाट प्रयोगविहिन रहेको देखिन्छ। मर्मत गर्नुपर्ने सामग्रि मर्मत गरी प्रयोगमा ल्याउने र लिलम गर्नुपर्ने सामान नियमावलीको प्रकृया पुर्याई लिलाम गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।	
९.४			**मर्मत आदेशः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेखछ। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ।गाउँपालिकाले यस वर्ष मेसिनरी औजार मर्मतमा मर्मत आदेश र मर्मत अभिलेख नराखि रु.१५ लाख ६१ हजार खर्च गरेको छ। मर्मत आदेश तथा मर्मत अभिलेख विना मर्मत खर्च भुक्तानी दिदा कुन उपकरणको लागि के कति खर्च भएको भएकोछ एकिन गर्न सक्ने आधार भएन। उल्लेखित व्यवस्था अनुसार अभिलेख तयार गरेर मात्र उपकरण मर्मत खर्चको भुक्तानी दिनुपर्दछ।	
१०			**कर्मचारी व्यवस्था**	
१०.१			तलवी प्रतिवेदन- निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३० कर्मचारीको रु.१२६०१९८० शिक्षातर्फ रु.३०८९२३८०, र गाउँपालिकाका चालुतर्फ ११ कर्मचारीको रु.७१०८९९२ गरी रु.५०६३३५२ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।	
१०.२			**कर्मचारी व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार	

			क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिइने कर्मचारी दरबन्दी सृजना गरी कर्मचारी व्यवस्थापन गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले अस्थाई दरबन्दी स्वीकृत २९ मध्ये स्थायी ११ मात्र पद पुर्ति भएको छ । प्रशासन तर्फ १३ करार र प्राविधिक तर्फ २ जना डोर हाजिरबाट समेत ३८ जना करारमा कार्यरत रहेको देखिन्छ। पालिकाले दरबन्दी अनुसार स्थायी कर्मचारी व्यवस्थापन नगरी करारमा समायोजन तथा नियुक्ति गरी यस वर्ष रु. १ करोड ४ लाख १० हजार तलब भत्ता भुक्तानी दिएको देखियो। गाउँ पालिकाले वस्तुगत संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी स्थायी प्रकृति कामको लागि प्रदेश लोकेसेवामा माग गरी स्थायी कर्मचारी व्यवस्थापन गरी अन्य आवश्यक कर्मचारी सेवा करार मार्फत व्यवस्थापन गरी करारमा कर्मचारी भर्ना गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	
११			**नवप्रवर्तन साझेदारी कोष**	
११.१			स्थानीय आर्थिक विकासका लागि महिला उद्यशीलता कार्यक्रम र मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय , प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई बीच भएको द्विपक्षीय सम्झौता मिति २०७९।३।१७ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्:	
११.२			**लागत साझेदारीः** स्थानीय आर्थिक विकासको लागि महिला उद्यमशीलतापरियोजनाको कुल लागत रु. २ करोड १५ लाख मध्ये नवप्रर्तन साझेदारीकोषको रू. १ करोड ५० लाख गाउँपालिका रु. ४५ लाख ५० हजार र साझेदार संस्था (यूनिभर्सल सस्टेनेवल डेभलपमेन्ट कन्सल्टेन्सी(USDC) प्रा.लि.)को रु. १९ लाख ५० हजार लागत साझेदारी हुने गरी सम्झौता भएको छ। नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा २२ मा गैर सरकारी संस्थाले प्रस्तावक स्थानीय तहले व्यहोर्नु पर्ने हिस्साको कम्तिमा ३० प्रतिशत साझेदारी गर्नु पर्ने व्यवस्था छ। सम्झौताको अनुसूची-१ मा साझेदार संस्था यूनिभर्सल सस्टेनेवल डेभलपमेन्ट कन्सल्टेन्सी(USDC) प्रा.लि. भनी तोकेको भएता भनि उक्त संस्थाको छनौट तथा कार्यान्वयनमा लागत साझेदारी तथा कार्य शर्त (TOR) उल्लेख नगरी सम्झौता भएको देखिन्छ । गाउँपालिकाले उक्त संस्थाले तोकेको शर्त अनुसार कार्य नगरे पश्चात च.नं. २८१ मिति २०७९।५।१३ सम्झौता अनुसारको रकम दाखिला गर्न पत्राचार गरेकोमा उक्त संस्थाबाट मिति २०७९।५।१५ मा परियोजना कार्यान्वयनमा प्राविधिक सहयोग गर्न सकिने तर	

<table>
<tr><td></td><td></td><td></td><td>रकम दाखिला गर्न नसकिने उल्लेख गरेको छ । सम्झौता अनुसार कार्य नगर्ने उक्त फर्मलाई सार्वजनिक खरिद ऐन र नियमावली अनुसार कारवाही गरी कालोसूचीमा समावेश गर्न सिफारिस गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.३</td><td></td><td></td><td>प्रगति अनुगमनः सम्झौताको शर्त नं. ३.४ मा अनुगमन तथा मूल्याङ्कन उप-समितिमार्फत कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गरी यस सम्बन्धी त्रैमासिक प्रतिवेदनहरू प्रादेशिक कार्यक्रम इकाईमा पठाउनु पर्ने व्यवस्था छ । प्रादेशिक कार्यक्रम इकाईमा मिति २०७९।३।२५ मा बजेट प्राप्त भएकोले प्रगति भएको देखिएन । लेखापरीक्षण अवधिसम्म उक्त योजनाको प्रगति देहाय अनुसार तोकिएको कार्यतालिका अनुसार भएको देखिएन । जसले गर्दा परियोजनाको उद्देश्यहरू सामाजिक समावेशिकरणद्धारा समाजको भेदभाव हटाउने, नवप्रवर्तन प्रविधि र प्रक्रियाद्धारा महिलाको आर्थिक सशत्तिकरण गर्ने, भूमिहिन र सीमान्तकृत महिलाहरुलाई वातावरणमैत्री आय- आर्जन तथा सीप र प्राविधिक सहयोग उपलब्ध गराउने र दलित महिलाहरुको परम्परागत सीप तथा प्रविधिमा समसामयिक सुधार गरी उनीहरुको आर्थिकस्तर विकास गर्ने कार्य समयमा पुरा नहुने देखिन्छ ।
<table>
<tr><th>क्र.स.</th><th>कार्यक्रम नं.</th><th>कार्यक्रमको नाम</th><th>संख्या</th><th>रकम</th><th>खर्च</th><th>तालिका अनुसार गर्नु पर्ने अवधि</th><th>प्रगति</th></tr>
<tr><td>३१-३३</td><td>८.१-८.३</td><td>कार्यक्रम संयोजक र कर्मचारी</td><td>३</td><td>१२ लाख</td><td>०</td><td>कार्तिक</td><td>नियुक्ति भएको</td></tr>
<tr><td>३८</td><td>९.५</td><td>कार्यक्रम संचालनका लागि कार्यालय सामग्री खरिद</td><td>एकमुष्ट</td><td>५ लाख</td><td>४ लाख ५० हजार</td><td>कार्तिक</td><td></td></tr>
<tr><td>३९</td><td>९.६</td><td>Base line survey</td><td>एकमुष्ट</td><td>१२ लाख</td><td></td><td>कार्तिक- मंसिर</td><td>अन्तिम चरणमा रहेको</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>दोहोरो भुक्तानीः</td><td>३२,५००</td></tr>
</table>

			मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धी ऐन, २०७५ को दफा ४ मा गाउँपालिका उपाध्यक्षको यातयात सुविधा मासिक रु. १४५००।- उपलब्ध गराउने उल्लेख छ । यस गाउँपालिका उपाध्यक्षको सुगान्धी देवी कनुईनलाई यातायात भत्ता वापत मासिक रु.१४५०० भुक्तानी दिएकोमा पालिकाले जेष्ठ र आषाढ महिनामा १६५ लिटर डिजल र १९ लिटर पेट्रोल बापत थप रु.३२५००।- भुक्तानी दिएको देखियो । मासिक यातायात भत्ता दिएको अवस्थामा थप ईन्धन बापत भुक्तानी दिएकोले उक्त रकम असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु–.	
१३			**गाउँपालिका चालु**	
१३.१			**खेलकुद सामग्री वितरणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले विभिन्न आपूर्तिकर्ताबाट खेलकुद सामग्री तथा जिमको सामग्री सोझै खरिद गरी रु. २४ लाख १७ भुक्तानी दिएको छ। गाउँपालिकाले खरिद भएको सामग्रीको वडा कार्यालयहरुमा हस्तान्तरण गरेकोमा वडाहरुले विभिन्न युवाक्लवहरुलाई वितरण गरेको व्यहोराको पत्र पेश गरेको देखिन्छ । यस प्रकारको वितरणमुखि खर्चमा नियन्त्रण गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ।	
१३.२			**परामर्श सेवा खरिदः** सरकारी खर्चमा मितव्ययिता मापदण्ड निर्देशिका, २०७८ को नियम १४ मा ऐन, नियम, विनियम, कार्यविधि, मापदण्ड र निर्देशिका बनाउने जस्ता काममा सेवा परामर्शबाट गराउन नपाईने व्यवस्था छ। गाउँपालिकाले कृषक समुह गठन, व्यवस्थापन तथा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, पालिकाको विस्तृत कार्य विवरण र प्रमुख प्रशासकिय अधिकृतको कार्य मापदण्ड निर्देशिका बनाउन समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टरसँग परामर्श सेवा खरिद गरी रु.४,९४,९४०।- भुक्तानी दिएको छ। गाँउपालिकामा आवश्यक कार्यविधि, मापदण्ड तथा निर्देशिका पालिका आफैले तयार गरी लागु गर्नुपर्ने र निर्देशिकाले समेत ऐन, नियम, विनियम, कार्यविधि, मापदण्ड र निर्देशिका बनाउने जस्ता काममा सेवा परामर्शबाट गराउन नपाईने व्यवस्था गरेको अवस्थामा सेवा परामर्शबाट मापदण्ड तथा निर्देशिका तयार गरी दिएको भुक्तानी नियमित देखिँदैन। गाउँपाललिकाले तयार गर्न सक्ने ऐन, नियम, विनियम, कार्यविधि, मापदण्ड र निर्देशिका बनाउने जस्ता काममा	

			सेवा परामर्शबाट खरिद गर्ने कार्यमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ।	
१३.३			**टुक्रा बिल**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा .सार्वजनिक निकायले कुनै खरिद बीस हजार रुपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले १२१ थान टोनर रिफिल, ६० थान प्रिन्ट ड्रम खरिद, १३ थान प्रिन्ट रोलर खरिद गरेको लगायतको खर्चको गुगल कम्प्यूटर सोलुसनको विल नं ११८७ देखि ११९६ सम्मको ७ थान पान विल पेश गरी रु.१३५४८६ र बिरगंज कम्प्यूटर केयरको विल नं १५३ देखि १७० सम्मका १९ थान पान विल पेश गरी रु.१८८०७५।- गरी रु.३२८४९० को १६ थान टुक्रा विल पेश गरेको आधारमा भुक्तानी दिएको छ। जिन्सी प्रतिवेदन अनुसार कार्यालयमा २६ थान प्रिन्टर र फोटोकपी मेसिन रहेकोमा १२१ थान टोनर रिफिल र ६० थान प्रिन्ट ड्रम खरिदको प्रयोजन खुल्न सक्दैन। खरिद ऐन र नियमावलीको व्यवस्था पालना नगरी सोझै खरिद गरी टुक्रा विल पेश गरेको आधारमा दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु–	३२८,४९०
१३.४			**प्रविधि हस्तान्तरण-** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले सिलाई कटाई सम्बन्धी तालिममा सहभागी भएका उद्यमीहरुलाई प्रविधि हस्तान्तरण अन्तर्गत रु.४,१७,०००।- को प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशतले हुन आउने रु.८३४०० उद्यमीबाट साझेदारी नगराएको देखिन्छ। निर्देशिका अनुसार खरिद गरिएको प्रविधिमा गाउपालिकाले ८०% भुक्तानी गर्नु पर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम रु ८३४०० सम्बन्धित लघु उद्यमीबाट असुल गर्नु पर्ने रु... <table><tr><td>सामग्री</td><td>समूहको नाम</td><td>परिमाण</td><td>दर</td><td>रकम</td><td>२० प्रतिशत रकम</td></tr></table>	८३,४००

ईन्टरलक मेसिन	दुर्गा माई लघु उद्यम समुह	२	८०००	१६०००	३२००
सिलाई मेसिन		९	९०००	८१०००	१६२००
कैची		१९	५००	९५००	१९००
टेवल		१९	४४००	८३६००	१६७२०
कुर्ची		१९	४००	७६००	१५२०
अन्य सामग्री		१९	४५००	८६२००	१७२४०
रिङ तार	संसारिमाई लघु उद्यम समुह	२५	६००	१५०००	३०००
कैची		२५	५००	१२५००	२५००
कुर्ची		२५	४००	१००००	२०००
अन्य सामग्री		२५	३८००	९५६००	१९१२०
		जम्मा			८३४००

१३.५ **इन्धन खर्च :** अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका २०७७ को दफा ७.१.१६ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ बमोजिम पदाधिकारी, कर्मचारी र कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम ईन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारिसाधन मेसिन प्रयोगको लगवुक राख्ने व्यवस्था छ। गाउँपालिकाले ईन्धन खर्चमा यस वर्ष रु.२६९९९१० खर्च लेखेको छ। यस वर्ष ईन्धन खर्च शिर्षकमा देहायअनुसार खर्च गरेको देखियो।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>विवरण</th><th>मापदण्ड अनुसार</th><th>वार्षिक खर्च</th><th>औषत दर</th><th>रु. मा</th></tr>
<tr><td>कार्यालय प्रयोजन मापदण्ड अनुसार</td><td>डिजल २०० लि. पेट्रोल १५० लि.</td><td>४२००</td><td>१५०</td><td>६३००००</td></tr>
<tr><td>२१ मोटरसाईकल</td><td>१० लि.</td><td>२६४०</td><td>१५०</td><td>३९६०००</td></tr>
<tr><td>अध्यक्षले पाउने सुविधा</td><td>१५० लि</td><td>१८००</td><td>१५०</td><td>२७००००</td></tr>
<tr><td>मोविल तथा अन्य</td><td>प्रति ३ महिना १० लि.</td><td>८०</td><td>१०००</td><td>८००००</td></tr>
<tr><td></td><td>हुनुपर्ने खर्च रकम</td><td></td><td></td><td>१३७६०००</td></tr>
<tr><td></td><td>वित्तीय विवरणमा खर्च रकम</td><td></td><td></td><td>२६९९९१०</td></tr>
</table>

गाउँपालिकामा जे. सि. वि. १ थान र ट्याक्टर १ थान ,चालु हालतमा छन। उल्लेखित उपकरणमा प्रयोग भएको र उक्त उपकरणमा इन्धन खर्च र सोको लकवुक तथा परिचालनबाट प्राप्त आम्दानीको विवरण प्राप्त भएन। कार्यालयको सवारी साधन तथा उपकरणको प्रयोग र ईन्धन खर्चको तादम्यता मिल्ने देखिदैन। गाउँपालिकाले यसतर्फ ध्यान दिई ईन्धन खर्चमा नियन्त्रण गरी मापदण्ड भित्र रहेर इन्धन खर्च गर्ने तर्फ जोड दिनुपर्दछ।
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>आर्थिक सहायता तथा विविध</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>आर्थिक सहायता - गाउँपालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर गाउँपालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु.५ -२० हजार सम्म गरी रु.१३,५०,७००।- आर्थिक सहायता वितरण गरेको छ । निश्चित</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>अनुत्पादक खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष मन्दिरमा पुजा लगाउदा, छटघाट निर्माण गर्दा महोत्सव गर्दा सुभकामना व्यानर छपाई लगायतको खर्च गरेको उल्लेख गरी विभिन्न व्यक्ति तथा समितिलाई रु.७२९६६८ भुक्तानी दिएको छ। उक्त खर्चको श्रेस्ता परीक्षण गर्दा भोजमा आवश्यक पर्ने सामग्री खरिद गरेको, टेन्टको लागि भुक्तानी दिएको लगायतका विभिन्न किराना पसलका टुक्रा विलहरु पेश भएको देखियो। यस प्रकारका फजुल खर्चमा नियन्त्रण गरी खर्चलाई मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।
<table>
<tr><th>भौचर मिति</th><th>भुक्तानी पाउने तथा विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३५-२०७८/०७/०५</td><td>राज टेन्ट हाउस</td><td>५००००</td></tr>
<tr><td>७१-२०७८/०७/२६</td><td>महाविरी झण्डा मेला समिति</td><td>५१०००</td></tr>
<tr><td>१२५-२०७८/०९/१६</td><td>छट पुजा उपभोक्ता समिति</td><td>१५००००</td></tr>
<tr><td>२१९-२०७८/१२/०७</td><td>संसारीमाई उपभोक्ता समिति</td><td>३००००</td></tr>
<tr><td>१५८-२०७८/१०/२५</td><td>प्रतिमा कुमारी सिंह मेला महोत्सव कार्यक्रम खर्च</td><td>९८१६८</td></tr>
<tr><td>१८१-२०७८/११/१२</td><td>छट पुजा उपभोक्ता समिति</td><td>१५००००</td></tr>
<tr><td>१८९-२०७८/११/२३</td><td>छट पुजा उपभोक्ता समिति</td><td>११०५००</td></tr>
<tr><td>१२९-२०७८/०९/२२</td><td>वोधिमाई मेला महोत्सव समिति</td><td>२५०००</td></tr>
<tr><td>३०३-२०७९/०२/१६</td><td>लक्ष्मीनारायण,जगदम्वा माई प्राण प्रतिष्ठा</td><td>६५०००</td></tr>
</table></td><td></td></tr>
</table>

			जम्मा ७२९६६८	
१४.३			**कानुनी सल्लाहकार -** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि कानुनी सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।गाउँपालिकाले गत विगतवर्षबाट नियुक्ति दिएकालाई निरन्तरता दिदैं कानूनी सल्लाहकार हरेराम प्रसाद सराफलाई रु.३२५००० पारिश्रमिक भुक्तानी दिएको छ ।	
१५			**स्वास्थ्य सम्बन्धी**	
१५.१			**अनुगमन भत्ता;** सार्वजनिक कोषबाट खर्च गर्दा कोषको सदुपयोग हुने गरी खर्च गर्नुपर्दछ। यस पालिकाले पोषण संवेदनशील कार्यक्रमहरु अन्तर्गत माछा कुखुरा तथा हाँस पालन सम्बन्धी तालिम तथा कुखुराका चल्ला वितरण गरेको छ।यस कार्यक्रमका लागि रु. २६०५००।— निकासा भएको छ। विभिन्न मितिमा ५ ओटै वडामा कुखुरा हास तथा माछा सम्वन्धी तालिम भएको तथा नमुनाको रुपमा कुखुरा वितरण भएको व्यहोरा संलग्न छ।५ वडामा प्रत्येक वडामा लाभग्राहीहरुलाई तालिम दिइएको तथा प्रतिव्यक्ति ३ ओटाको दरले कुखुराको चल्ला वितरण गरिएको देखिन्छ।यस कार्यक्रममा वितरण गरिएका कुखुराका चल्लाको मुल्य रु.७५०००।— रहेको छ भने यस कार्यक्रममा पदाधिकारी तथा कर्मचारीहरुको अनुगमन भत्ता रु. ४६५००।— रहेको छ। कार्यक्रम गर्दा लक्षित वर्गले बढी लाभ पाउने गरी बजेट खर्च गर्नुपर्दछ ।	
१५.२			**मेडिकल उपकरण तथा औषधी खरिदः** गाउँपालिकालाई आवश्यक पर्ने औषधीको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। गाउँपालिकाले विभिन्न औषधी र मेडिकल उपकरण हेल्पिङ्ग हेन्ड पोलिक्लिनिकबाट खरिद गरी खरिद गरी रु.१११६९६०।- भुक्तानी दिएको छ । कार्यालयले औषधी खरिद गर्दा आवश्यकता पहिचान औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार खरिद गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ	

			।आपूर्तिकर्ताबाट आपूर्ति औषधी वा अन्य समानको वाहिर Manufacture Date , Expiry Date , Batch no, Manufacture Company को नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि वाक्याशं उल्लेख गर्ने नगरेको, स्टोर दाखिला गर्दा प्रत्येक औषधीको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company खुलाई दाखिला नगरेको र प्रयोग र मौज्दात समेत यकिन नभएकोले सम्झौताको सर्त अनुसार खरिद व्यवस्थापन गर्नु पर्दछ ।	
१५.३			**सोझै खरिद** -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गाउँ कार्यपालिका चालु बजेट उपशीर्षकबाट गरिब तथा विपन्न व्यक्तिहरुको लागि नब्या सप्लायर्स(६१६६२३८१९) बाट ९८०० थान स्यानिटरी प्याड रु. ४८७२५६- (मू.अ.कर समेत) मा खरिद गरेको छ। सार्वजनिक ऐन, नियमावली अनुसार एकै प्रकृतिको खरिद टुक्रा- टुक्रा नगरी खरिद योजना तयार गरी प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ ।	
१६			**.सशर्त शिक्षा**	
१६.१	११०	२०७९-३-१३	**विद्यालय सफ्टवेयर खरिद**- सरकारी निकायमा वेवसाइट सञ्चालन सम्बन्धी निर्देशिका,२०७८ अनुसार सरकारी निकायमा वेवसाइट सञ्चालन गर्दा सूचना तथा सञ्चार प्रविधि विभागसँग समन्वय गरेर तथा वेवसाइट तथा सफ्टवेयर सञ्चालन गर्नुपुर्व सूचना प्रविधि विभागबाट वेवसाइट तथा सफ्टवेयरको सुरक्षा परीक्षण गरेर मात्र सञ्चालन गर्नुपर्ने तथा व्यवस्था छ।साथै सार्वजनिक खरिद गर्नु पूर्व आवश्यकता विश्लेषण गरी खरिद गर्ने मालसमान, निर्माण तथा परामर्शको लागत अनुमान तयार गरी खरिद गर्नु पर्ने व्यवस्था छ। शिक्षा तथा मानव संसाधन विकास केन्द्रले सामुदायिक विद्यालयहरुका विद्यालय तथा विद्यार्थीहरुको अभिलेख राख्न IEMIS सफ्टवेयर लागु गरी कार्यान्वयन रहेकोमा सोको प्राविधिक ज्ञान तथा जनशक्तिको अभावका कारण गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुले IEMIS तथ्याङ्क अद्यावधिक गरेको देखिएन ।गाउँपालिकाले सोही कार्यको लागि सामुदायिक विद्यालयहरुका विद्यालय तथा विद्यार्थीहरुको अभिलेख राख्न डाइनामिक टेक्नोसफ्ट प्रा.लि.(६०२४८९९०४)बाट सेन्ट्रलाईज्ड मोनिटरिङ्ग सिस्टम सफ्टवेयर खरिद गरेको छ।सफ्टवेयर खरिदको लागि सशर्त चालुतर्फको रु.९९,९४८।— तथा गाउँकार्यपालिका चालु तर्फको रु. ४९९,२९०।— गरी जम्मा ५,९९,२३८।— खर्च भएको छ। लेखापरीक्षणको अवधिसम्म पालिका भित्रका कुनैपनि विद्यालयहरुले खरिद	

			गरेको सफ्टवेयर प्रयोग गरेको देखिएन। गाउँपालिकाले आवश्यकता पहिचान बेगर नेपाल सरकारबाट लागु भएका सूचना व्यवस्थापन प्रणाली पूर्ण रुपमा कार्यान्वयन नगरी पालिकास्तरमा सफ्टवेयरको खरिद तथा जडान गर्दा तथ्याङ्कको सुरक्षा जोखिम हुने, खर्चमा दोहोरपना हुने तथा प्राविधिक ज्ञान समेत नहुदाँ दीर्घकालिन आर्थिक तथा प्राविधिक दायित्व सिर्जना हुने भएकोले सफ्टवेयर खरिदमा नियन्त्रण गर्नुपर्दछ।	
१६.२	४६	२०७८-१०-२५	**राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता**; यस पालिकामा २०७८ पौष १३-१६सम्म राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न भएको छ। यस प्रतियोगिताको लागि रु.१०००००।— निकासा भएको छ। संलग्न विवरण अनुसार निकासा भएको रकमबाट मेडल खेल सामाग्री खरिद र शिल्ड खरिदका लागि जम्मा रु. १६२००।— खर्च भएको छ भने पदाधिकारीहरुको अनुगमन भत्तामा रु.२४६००।— खर्च भएको छ। विद्यार्थीहरुको लागि नगद पुरस्कारको लागि कुनै रकम छुटयाइएको छैन। कार्यक्रमको उदेश्य अनुरुप हुनेगरी बजेट बाडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।	
१६.३	७२	२०७८-१२-२५	**अनौपचारिक तथा वैकल्पिक शिक्षाः** अर्थ मन्त्रालयले जारी गरेको कार्यसञ्चालन निर्देशिका,२०७७ को दफा ७.१५ मा तालिममा सहभागीको भ्रमण भत्तावापत न्यूनतम यातयात खर्च बस नचल्ने स्थानमा एकमुष्ट रु.२००।- तथा २ दिन भन्दा बढी सञ्चालन हुने कार्यक्रममा सहभागीलाई एकमुष्ट रुपमा रु. ५००।- भत्ता दिन सकिने व्यवस्था छ। यस पालिकाले अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत निरक्षरहरुलाई शिक्षा अभियान सञ्चालन गर्ने कार्यक्रमको लागि २२ जना स्वयमसेवक सहभागीलाई प्रतिदिन रु.५००।- का दरले सहभागी भत्ता करकट्टी पछि रु. ४६,७५०।— भुक्तानी दिएको छ। कार्यसञ्चालन निर्देशिका निर्धारण गरेको भन्दा प्रति सहभागी रु. ३००।— का दरले २२ जना सहभागीको रु. ३५७५०।- बढी भुक्तानी दिएको कार्यक्रम सञ्चालन गर्ने विद्यानन्द प्रसाद यादवबाट असुल गर्नुपर्ने रु–	३५,७५०
१६.४	१२३	२०७९-३-१६	**कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**-कार्यक्रम कार्यन्वयन पुस्तिका २०७८/७९ गाउपालिकाभित्रमा सञ्चालित सामुदायिक विद्यालयहरुमध्ये विभिन्न सुचकको आधारमा उत्कृष्ट ठहरियका विद्यालयहरुलाई प्रतिविद्यालय ५० हजारका दरले कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था रहेको छ। यस गाउँपालिकामा यस शिर्षकबाट रु २४७७७५।— निकासा भएको छ। निकासा भएको यो रकमबाट IEMIS तालिममा सहभागीहरुलाई सहभागी भत्ता, कार्यालय समय भन्दा बाहिर काम गरेकोमा निर्वाह भत्ता लगायत भुक्तानी भएको देखिन्छ। कार्यक्रमको शर्तविपरित भएको खर्च संघीय संचित कोष फिर्ता गर्नुपर्ने रु–..	२४७,७७५

१७			. **विद्यालयलाई प्रति विधार्थी अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कलाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरी विद्यालयमा अनुदान निकासा दिएको देखिएन । साथै विद्यालयले वितरण गरेको भरपाई पेश नगरेको, अनुदानको गाउँ शिक्षा समिति गठन गरी अनुगमन समेत गरेको पाईएन । गाउँपालिकाले नमूना विधार्थीको हाजिरी माग गरी परीक्षण गर्दा देहाय अनुसार IEMIS र हाजिरी बीच फरक परेकोले उक्त रकम असुल गर्नु पर्ने रु.	५३,७०१

विद्यालयकोनाम	अनुदान	iemis अनुसारविद्यार्थी	हाजिरीअनुसारविद्यार्थी	निकासाभएकोखाजाभत्ता	निकासाहुनुपर्नेरकम	फरकरकम
नेपालराष्ट्रियआधाभुतविद्यालयचैनपुर	दिवा खाजा	२८१	२९९	३७३२३०	३४९८३०	२३४००
जनतामाध्यमिकविद्यालयरामपुरटोकनी		४९१	४५६	४३३८००	४१०४००	२३४००
नेपालराष्ट्रियआधाभुतविद्यालयचैनपुर	पाठ्यपुस्तक	३५५	३३९	२१८५६५	१९९७३१	१८८३४
नेपालराष्ट्रियमाध्यमिकविद्यालयवुनियाद		५९१	६४८	४०२५२४	३९८०५७	४४६७
नेपालराष्ट्रियआधाभुतविद्यालयचैनपुर	बुककर्नर	७४२	६८८	८५९५०	८०३५०	५६००
जनतामाध्यमिकविद्यालयरामपुरटोकनी		१३६९	११८८	२८१९५०	२५७१५०	२४८००

१८			**गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रम**	
१८.१			**गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रममा बजेट बाडफाँड-** गरिबी निर्देशिका,२०७७ को तालिका न. १ मा उद्यमी सिर्जना तथा स्तरोन्नतीका लागि बजेट तर्जुमाको दायराको व्यवस्था छ।यस तालिका अनुसार लघु	

			उद्यम कार्यक्रम सञ्चालन गर्दा विभिन्न शीर्षकमा तोकिएबमोजिम बजेट बाडफाँड गरी त्यसैअनुरुप खर्च गर्नुपर्ने व्यवस्था छ। गाउपालिकाले संघीय सशर्त चालु उपशीर्षकबाट रु.२८०००००।— खर्च भएकोमा लघु कर्जामा पहुच,बजारीकरण सेवा लगायतका विषयहरुमा बजेट विनियोजन भएको छैन। भने अन्य विषयहरुमा निर्देशिकाले तोकेको सीमाभन्दा बढी बजेट खर्च भएको छ। निर्देशिकाले तोकेको सीमाअनुसार बजेट बाडफाँड र त्यसको कार्यन्वयन गर्नुपर्दछ।	
१८.२			**बढी भुक्तानीः** अर्थ मन्त्रालयले जारी गरेको कार्यसञ्चालन निर्देशिका,२०७७ को दफा ७.१५ मा आवधिक रुपमा सीप विकास तालिम संचालन गर्दा ३० दिन सम्मको लागि नगरपालिकास्तरमा प्रति सेसन रु.५००।— र एक दिनमा २ वटा कक्षा न्यूनतमको प्रति दिन एक प्रशिक्षकको रु. १०००।— दिनको दरले प्रशिक्षक भत्ता दिन सकिने व्यवस्था छ। कार्यालयले गरिबी निवारणका लागि लघुउद्यम कार्मक्रम अन्तर्गत २० जना सहभागीहरुको लागि १ महिना एड्भान्स सीप विकास तालिम सञ्चालन गर्दा प्रशिक्षक केवल मानन्धर र चन्दन कुमार साह गरी २ जना प्रति प्रशिक्षक रु ४५०००।— भुक्तानी दिएको देखिन्छ। कार्यसञ्चालन निर्देशिकाले तोकेको भन्दा रु. १५०००।— प्रति प्रशिक्षक बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.....	२५,५००
१८.३			**गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम-** कार्यालयका कर्मचारी रामकुमार सोनलले उद्यमीको स्तरोन्नती तालिम शीर्षकबाट रु ४५००००।-पेश्की लिई रु. ५०००००।-खर्च भएको छ । उक्त पेस्की फस्यौंट गर्दा ३ वटा तालिम ६० जना सहभागीहरुलाई संचालन गरेकोमा ४५दिने व्युटिसियन तालिममा सहभागी छनौटको आधार नदेखिएको र प्रशिक्षकलाई रु. ७०८१५।— भुक्तानी दिदा बैंकिङ्क प्रणालीबाट नदिएको, सहभागीहरुले तालिम लिएको विवरण GESIMIS सिस्टममा अपडेट नगरेको देखियो । त्यसैगरी ५ दिने च्याउ खेती तालिममा प्रशिक्षकको प्रमाणपत्र Rajendra Agricultural University, Bihar विश्वविद्यालयबाट अल्पकालिन च्याउखेती सम्बन्धी तालिम लिएको भन्ने उल्लेख छ , भारतमा Dr. Rajendra Prasad Agricultural University भन्ने रहेको र डल कुशन बनाउने तालिममा तालिम भएको स्थान एकीन नभएको कमिकमजोरी रहेकोले तालिम सञ्चालन गर्दा सहभागीहरुको वस्तुनिष्ट आधारमा छनौट गरी विवरण GESIMIS सिस्टममा अपडेट गरी योग्यता पुगेका व्यवसायिक सीप परीक्षण उतिर्ण गरेका प्रशिक्षकद्वारा अध्यापन गराई गुणस्तरीय सीप विकास गर्नु पर्दछ ।	

१८.४	६५	२०७८-११-३०	प्रविधि हस्तान्तरण-सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धी गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण शीर्षकमा रु. १४००००।— विनियोजन भएको छ। कार्यलयको रेकर्ड अनुसार कार्यालयले डल कुसन बनाउने, व्युटिसियन लगायतको तालिम सञ्चालन गरेको छ।यस शीर्षकबाट निकासा भएको रकम कार्यालयका कर्मचारी राम कुमार सोनलको नाममा निकासा भएको छ।निजले पेश गरेको विवरणमा तरकारीको बीउ खरिद, खाजाको बील, तथा व्यानर निर्माण जस्ता विवरणहरु संलग्न रहेको देखिन्छ।पाच जनाको समुहमा उद्यमीहरुलाई हस्तान्तरण गर्नुपर्ने सामाग्रीहरु विभिन्न व्यक्तिहरुलाई एकैजनालाई एक भन्दा बढी थान हस्तान्तरण गरेको भरपाई संलग्न रहेको देखिन्छ। कार्यक्रमको शर्तविपरित खर्च गरेको देखिएको हुदा संलग्न विवरणअनुसार करकट्टीपछी बाहेक रु.१२६२६७।- संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु...	१२६,२६७
१९			**ठेक्का व्यवस्थापन (गाउँपालिका पुजिगत)**	
१९.१	२	२०७८-११-२३	**ड्रिलिङ र लोरिङ कार्य(संघीय पुजिँगत)-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार वास्तविक भएको कार्यको आधारमा विलको भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले १-५ वडामा ह्याण्ड पम्प जडान सम्वन्धी कार्यको लागत अनुमान तयार गर्दा ट्युवेल जडान कार्यका लागि गरिने ड्रिलिङ (खन्ने कार्य) को लम्बाई र ट्युवेल जडान कार्यमा खपत हुने पाइप (क्यासीङ पाइप तथा जाली) को लम्बाई समान रहने उल्लेख भएको तर निर्माण कार्य सम्पन्न देखाएको ट्युवेल जडान कार्यको नापी किताव र रनिङ विल परीक्षण गर्दा प्रयोग भएको पाइपको खन्ने कार्य भन्दा ड्रिलिङ,लोरिङ र P.V.C mesh filter जालीको लम्बाई बढी देखाइ देहाय अनुसार बढी खर्च लेख्ने लेखेको पाइयो । लागत अनुमानमा उल्लेख भएको खन्ने कार्य भन्दा प्रयोग भएको पाइपको लम्बाई खर्च लेख्न मिल्ने देखिदैन । गाउँपालिकाले निर्माण कार्य गराएका योजनामा खपत भएको खन्ने कार्यको लम्बाई भन्दा पाइपको लम्बाई बढी देखाइ तपशिल बमोजिम शारदा निर्माण सेवाबाटरु. ८५५००।- बढी खर्च लेखेको असुल गरी संघीय संचितकोष दाखिला गर्नु पर्ने रु.	८५,५००

निर्माण व्यवसायीको नाम	खन्ने कार्य	पाइप जडान	फरक	दर पि.भि.सि पाइपको दर रु.	जम्मा धारा संख्या	**रकम रु.**
शारदा निर्माण सेवा	४८ मिटर	५१.८ मिटर	३.८	१५०	१५०	८५५००

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१९.२</td><td></td><td></td><td>अधुरो ठेक्का - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौताबमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ५९ तथा नियमावलीको नियम १२७ र १२८ मा खरिद सम्झौताको अन्त्य सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले देहायका योजनामा गर्न तोकिएको अवधिमा सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग सम्झौता भएको छ । निर्माण व्यवसायीले उक्त कार्य सम्पन्न गर्न म्याद थपको लागि निवेदन मिति मा दिएकोमा कार्यालयले वर्षात् र निर्वाचनको कारणले म्याद थप गर्न नसकिएको भनाई रहेको छ । तोकिएको समयमा निर्माण कार्य नगर्ने निर्माण व्यवसायीलाई खरिद सम्झौताको शर्त तथा सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम कारबाही गर्नुपर्दछ ।
<table>
<tr><th>कामको विवरण</th><th>निर्माणव्यावसायीको नाम</th><th>सम्झौता मिति</th><th>शुरु कार्य सम्पन्न मिति</th><th>म्याद थप</th><th>कबोलअंक</th><th>भुक्तानी</th><th>प्रगति प्रतिशत</th></tr>
<tr><td>वडा नं. १-५ मा ह्याण्ड पम्प आपूर्ति र जडान</td><td>शारदा निर्माण सेवा</td><td>२०७८।१०।६</td><td>२०७९।२।१५</td><td>२०७९।२।१५</td><td>११८९९२४०</td><td>३०३८८९७</td><td>२५.५३</td></tr>
<tr><td>गाउँपालिकाको भवन</td><td>आर.एन बिल्सर्स</td><td>०७७।७।२८</td><td>२०७८।३।३०</td><td>२०७९।३।३१</td><td>१२३८६६७८</td><td>७८०९६०९</td><td>६३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९.३</td><td>२७</td><td>२०७८-७-९</td><td>वितरणमुखी खर्च- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पूर्ण</td><td></td></tr>
</table>

			सरसफाई कार्यक्रम बाँकी रहेका घरधुरीमा चर्पी निर्माणको लागि रौनक कन्स्ट्रक्सन एण्ड सप्लायर्सबाट ४४५ सेट रिङ खरिद गरी रु. २२,४२,७११।— भुक्तानी गरेको छ । उक्त ४४५थान सेट रिङ कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।	
२०			**पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं. १-५ मा ह्याण्ड पम्प आपूर्ति र जडान कार्य सम्पन्न नगर्ने शारदा निर्माण सेवाबाट रू.११ लाख ८९ हजार ९२४ पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेका छैनन् । उक्त रकम सम्झौताको शर्तबमोजिम असुल हुनु पर्ने रु.	१,१८९,९२४
२१			**सिलवन्दी दरभाउपत्र खरिद (गाउँपालिका पुर्जिंगत)**	
२१.१	५	२०७८-५-२०	**बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले लागत गम्भिरा पटेलको घर देखि रम्भु पटेलको घर हुदैं पक्कीनाला निर्माण कार्यको लागि सजन निर्माण सेवा(३०१५८१३९०)भुक्तानी गर्दा PCC(1:2:4) for nalla base work as per specification लागत अनुमान र डिजाइनमा यस कामको उचाई ०.०८ राखेकोमा प्राविधिक नापजाँच गर्दा ०.१० मिटर राखी भुक्तानी गर्दा ०.०२ मिटर(०.०२*११५*०.७६) बढी उचाई दिदाँ १.७४८ घन मिटरको प्रति घन मिटर रु.१२२००।— का दरले रु. २१३२६।— र फलाम नापी गर्दा u-shape bar in main bar (short bar)मा लम्बाई नालाको बेस ०.७६ नालाको वालको उचाई ०.४५ र नालाको वालको चौडाई ०.१५ मिटर रहेकोमा वास्तविक लम्बाई(०.७६+०.४५*२-०.१५) १.५१ (वालको बीचबाट छड राखेकोले) हुनु पर्नेमा १.६५ लम्बाई राख्दा १० एम एम ०.१५ मिटरमा छड राख्दा ११५ मिटरमा ६६.५ के.जिको प्रति के.जि. रु. १२५।— का दरले रु. ८३१२।— समेत गरी रु. २९६३८।— बढी भुक्तानी भएको देखियो । अतः बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु.	२९,६३८
२१.२	६२	२०७८-	**बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम	१२,७९१

<table>
<tr><td></td><td></td><td>१०-२५</td><td>भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ तथा १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विर्ता टोलमा मुक्ती महतोको बारीदेखि पूर्व श्याम प्रसादको घर हुदैं विर्ता चोकसम्म बाटो ढलान-PRM/09/077.78 सुमित एण्ड अमित कन्स्ट्रक्सन (३०३४५८६६५)को भुक्तानी गर्दा नापी किताबमा देहाय अनुसार फरक हुने गरी भुक्तानी दिएको देखियो । उक्त रकम असुल गर्नु पर्ने रु.
<table>
<tr><td>विवरण</td><td>परिमाण</td><td>दर</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>फर्म वर्क(road shuttering work edge concrete</td><td>१०.८</td><td>४००</td><td>४३२०</td><td>नाला एक साइडमा रहेको फोटो स्रेस्तामा संलग्न रहेको</td></tr>
<tr><td>Hording board</td><td>१</td><td>३०००</td><td>३०००</td><td>विजक तथा फोटो नभएको</td></tr>
<tr><td>Lab test</td><td>१</td><td>४०००</td><td>४०००</td><td>दुई पटक भुक्तानी गरेकोमा ल्याव प्रतिवेदन एक पटक मात्र ०७८।९।७-१४ पेश भएको</td></tr>
<tr><td>जम्मा कर समेत</td><td></td><td></td><td>१२७९१</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१.३</td><td>६२</td><td>२०७८-१०-२५</td><td>बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ तथा १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । मुसहरी स्मशानघाट घेरावार निर्माण कार्यको लागि पि.पि. कन्स्ट्रक्सन (६०६८०४५८१)को भुक्तानी गर्दा नापई किताबमा देहाय अनुसार फरक हुने गरी भुक्तानी दिएको देखियो । उक्त बढी भुक्तानी भएको रकम असुल</td><td>१२,८३४</td></tr>
</table>

गर्नु पर्ने रु.

विवरण	परिमाण	दर	रकम	कैफियत
कोलम र ब्रिक वर्क को हाइट नमिलेको	०.३१	१४०००	४४६१	कोलम ५ फिट र ब्रिक वर्क बिम सम्म गणना गर्दा ४.५ फिट ०.५ फिट बढी
फलाम	२१.२१ के.जि	१००	२१२१	RCC परिमाण वृद्धि हुँदा वृद्धि भएको
फर्म वर्क	६.१९ व.मि.	४००	२४७६	
Hording board	१	२३००	२३००	विजक तथा फोटो नभएको
जम्मा कर समेत			१२८३४	

२२ **उपभोक्ता समिति(गाउँपालिका पुजिगँत)**

२२.१ **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले लागत अनुमान तयार गर्दा ओ.पि.सी. सिमेन्ट समान मूल्यराखी दर विश्लेषण गरेकोमा उपभोक्ता समितिले कर विजक पेस गर्दा पि.एस.सि. सिमेन्टको बिल राखी भुक्तानी गरेको देखियो । गाउँपालिकाले आर्थिक वर्ष २०७८।७९ को लागि निर्धारण गरेको ओ.पि.सी. सिमेन्टको दर रु.७५०।— र पि.एस.सि.को रु. ६४०।— विल पेस हुदाँ रु. ११०।— कम को विल पेश भएको छ । लागत अनुमान अनुसार फरक सिमेन्ट प्रयोग गरी बढी भुक्तानी भएको रु. ३,०६,५९०।-उपभोक्ता समितिलाई बढी भुक्तानी भएकोले असुल गर्नु पर्ने रु. ३०६,५९०

गो.भौ.नं. र मिति	**उपभोक्ता समितिको नाम**	**बोरा संख्या**	**फरक दर**	**रकम (मू.कर समेत)**
४२।०७८।८।१५	अधुरो गायत्री सेवा सदन निर्माण उ.स.	१८५	११०	२०३५०

४३।०७८।८।१५	बलालजामामस्जिदउ.स.	५०	११०	५५००
५४।०७८।९।१८	मन्दिरपछाडीअधुरोधर्मशालानिर्माणउ.स.	४८०	११०	५२८००
१११।०७९।१।८	बजार भवन निर्माण ब्लक-२ उ.स.	५००	११०	५५०००
११२।०७९।१।८	बजार भवन निर्माण ब्लक-२ उ.स.	७५	११०	८२५०
११२।०७९।१।८	बजार भवन निर्माण ब्लक-२ उ.स.(पि.पि.सि.	५००	८०	४००००
६१।०७८।१०।२४	रामपुरमा अधुरो धर्मशाला निर्माणउ.स.	२००	११०	२२०००
६०।०७८।१०।२४	श्री जनता मा.वि. मा ४ कोठे अधुरो भवन निर्माण पश्चिमपट्टीउ.समिति .(पि.पि.सि.	१७५	८०	१४०००
६३।०७८।१०।२४	श्री जनता मा.वि. मा ४ कोठे अधुरो भवन निर्माण पूर्वपट्टीउ.समिति	१०३३	८०	८२६४०
१५१।०७९।३।१६	रामजानकी मठ व्यवस्थापन	५५	११०	६०५०
	जम्मा			३०६५९०

२२.२	७१	२०७८-११-५	**बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले रामपुर देखि मुसहरी जाने बाटो ढलान तथा कल्भर्ट निर्माण वडा नं. २ को निर्माण कार्यको लागि उपभोक्ता समितिलाई देहाय अनुसार नापी फरक गरी रु. ५,१६,३९५।- भुक्तानी गरेको देखियो । उक्त कामको फरक पारी भुक्तानी भएको प्रमाण पेश गर्नु अन्यथा असुल गर्नु पर्ने रु.	६१,०७९

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><th>विवरण</th><th>परिमाण</th><th>दर</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>फलाम छड</td><td>१९</td><td>१०५</td><td>२००८</td><td>आर.सि.सि. लम्बाई ११५ मिटर हुनु पर्नेमा फलाम छड दिदाँ ११६ मिटर राखेको (३१*०.६१७*१)</td></tr>
<tr><td>फलाम छड(क्र.स. १५ for the drain)</td><td>१५</td><td>१०५</td><td>१५७५</td><td>आर.सि.सि. लम्बाई ३.७१ मिटर हुनु पर्नेमा फलाम छड दिदाँ ३.७५ मिटर राखेको (६२७*०.६१७*०.४)</td></tr>
<tr><td>१:२:४(M 15) क्र.स. ५
South side road</td><td>५.३५</td><td>१०७३१</td><td>५७४९६</td><td>ग्राभेलको चौडाई ३ मिटर आर.सि.सि.को चौडाई ४.८८ मिटर फरक १.८८ मिटर लम्बाई १९ मिटर मोटाई ०.१५ (१९*१.८८*०.१५)</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>६१०७९</td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२२.३</td>
<td></td>
<td></td>
<td>
उपभोक्ता समिति परिचालन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेसिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । यस गाउँपालिकाले बजार भवन निर्माण कार्य दुई वटा प्याकेज बनाई रू.१ करोड १८ लाख ४३ हजार ४०४ को कार्य गराई रू. १ करोड ४ लाख ७९ हजार भुक्तानी गरेको नियमसम्मत देखिँदैन । यस स्थानीय तहले आर.सी.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, लगायतका जटिल प्राविधिक पक्ष समावेश भएका निर्माण कार्य उपभोक्ता समितिहरू मार्फत् गराई खर्च लेखेको छ । उपभोक्ता समितिसँग जटिल संरचना निर्माण कार्यको अनुभव, स्रोत साधनको न्यूनता, कानूनी व्यवस्था विपरीत भारी उपकरणको प्रयोग गरी जटिल संरचना निर्माणको कार्य गरेको देखियो । गाउँपालिकाले वार्षिक खरिद गुरुयोजना तयार गरी बजेटलाई प्याकेज नगरी योजना छनौट गरी व्यावसयिक रूपमा दर्ता भएका निर्माण व्यवसायीबाट प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्दछ ।
<table>
<tr><th>योजनाको नाम</th><th>बजेट रकम</th><th>लागत अनुमान</th><th>कार्यसम्पन्न रकम</th><th>भुक्तानी रकम</th></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

बजार भवन निर्माण ब्लक-२	५५०००००	५९२७७७७	५९२१७०२	५२३९५३२
बजार भवन निर्माण ब्लक-१	५५०००००	५९२७७७७	५९२१७०२	५२३९५३२
जम्मा	११०,००,०००	११८५५५५४	११८४३४०४	१०४७९०६४

२२.४ **इटाको प्रयोगः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकालेले भवन निर्माण , पर्खाल निर्माण भवन विभागको नर्म्स ग- c2 गारो लगाउने काममा ईटाको साइज २२.४*१०.८*५.७ से.मी. तोकेकोमा इञ्जिनियरले ईटा बढी टुट फुट हुने भएको ईटाको संख्या राख्दा साईज अनुसार अडकल गरी थपघट गर्ने मिल्ने व्यवस्था छ । गाउँपालिकामा प्रयोग भएका ईटाको साइज नर्म्स भन्दा ठुलो साइजमा २३*११.५*६.५ से.मी. रहेकोले सोलाई ध्यान नदिइ नर्म्समा दिएको ५६० वटा ईटा लाग्ने गरी लागत अनुमान तयार गरी भुक्तानी गरेको छ । गाउँपालिकामा प्राप्त विभिन्न मा १० एम एम को मोर्टार सहित एक घनमिटरको गाह्रो लगाउदा अधिकतम ५०० वटा ईटा लाग्ने देखिन्छ ।तर गाउँपालिकाले कुनै आधार प्रमाण बेगर जिल्लामा उपलव्ध ईटाको साइजलाइ कुनै ध्यान नदिइ एक घनमिटरको गाह्रोमा ६० इटा बढि लाग्ने गरी लागत अनुमान तयार गरी सोही आधारमा मूल्याङ्कन समेत गरी भुक्तानी गर्नाले प्रति इटा रु.१२।- ले एक घन मिटर गार्होमा रु. ७२०।- बढि भुक्तानी भएको छ । नमुना छनौट गरिएका केही योजनामा देहाय बमोजिम बढि भुक्तानी भएको अनियमित देखिएको रु. १६८,९६२

गो भौ नं मिति	योजनाको नाम	इटाको गाहोको परिमाण	प्रति घन मिटर बढि भुक्तानी	बढि भुक्तानी रकम
गाउँपालिका पुजिगँत				
१११।२०७९/०१/०८	बजार भवन निर्माण ब्लक-२	११६.७६	७२०	८४०६७
११२।२०७९/०१/०८	बजार भवन निर्माण ब्लक-१	११७.९१	७२०	८४८९५

			जम्मा १६९७९०	
२३			**उपभोक्ता समिति(गाउँपालिका पुजिगँत)**	
२३.१	१११,११२	२०७९-१-८	**बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बजार भवन निर्माण ब्लक -१,२ उपभोक्ता समितिलाई भुक्तानी गर्दा **अनुसूची खण्डमा समावेश विवरण अनुसार** नापी फरक गरी भुक्तानी दिएको देखियो । नापी फरक पारी बढी भुक्तानी गरेको रु. ३,५९,३१२।- असुल गर्नु पर्ने रु.	३५९,३१२
२३.२			**दर विश्लेषण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा सम्बन्धित निर्माणको कार्यका लागि नेपाल सरकारको विशिष्टीकृत निकायले तयार गरेको नर्म्सको प्रयोग गर्नुपर्दछ । पालिकाले यसवर्ष सडक र नाला निर्माणमा सडक विभागले तयार गरेको pcc 1.2.4 (M15)को नर्म्स प्रयोग गर्नुपर्नेमा भवन विभागले तयारनर्म्स प्रयोग गरेका कारण उक्त कामको लागत अनुमान तयार गरेको र सोही आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरेको पाइयो । जसले गर्दा अनुसूची खण्डमा समावेश विवरण बमोजिम रु. ४,०७,६८७।-बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु...	४०७,६८६
२३.३			**प्लाष्टरको बढी दर**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले प्लाष्टरको दर निर्धारण गर्दा सामान्य प्लाष्टरलाई सिलिङ्गको प्लाष्टरको ज्यामी राखी दर निर्धारण गर्दा अनुसूची खण्डमा समावेश विवरण अनुसार रु.१,४७,२६०।- बढी भुक्तानी भएको देखियो । उक्त बढी भुक्तानी भएको रु. १,४७,२६०।- असुल हुनु पर्ने रु.**(विस्तृत विवरण अनुसूची खण्डमा समावेश छ।**	१४७,२६०

<table>
<tr><td>२३.४</td><td></td><td></td><td>उपभोक्ता समितिको कार्यः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत हुने सबै निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको, सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत नराखेको, आयोजना उपभोक्तालाई हस्तान्तरण भएको नभएको, मर्मत सम्भार कोष खडा नभएको, रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट नभएको, खर्चको सार्वजनिकिकरण, सामाजिक लेखापरीक्षण,सार्वजनिक सुनुवाई नभएको, र गाउँपालिका उपाध्यक्षद्धारा सबै योजनाको अनुगमन नगरेको जस्ता कमिकमजोरी रहेको देखिन्छ । यस सम्बन्धमा गाउँपालिकाले उपभोक्ता समिति मार्फत हुने कामको गुणस्तर, पारदर्शी र दीगोपनामा जोड दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>उपभोक्ता समिति(गाउँपालिका पुजिगँत)</td><td></td></tr>
<tr><td>२४.१</td><td>१५८</td><td>२०७९-३-१९</td><td>बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिंदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले शिव प्रसादको घर देखि ब्रहमबाबा सम्म नाला निर्माण उपभोक्ता समितिलाई निर्माण कार्यको लागि उपभोक्ता समितिलाई देहाय अनुसार नापी फरक गरी रु. ४३,६७२।- बढी भुक्तानी गरेको देखियो । उक्त बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु.
<table>
<tr><th>विवरण</th><th>परिमाण</th><th>दर</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>खन्ने कार्य</td><td>४७.४६ घ.मि.</td><td>१६६</td><td>७९११</td><td>नालाको निर्माण कार्य १३८ मिटर खन्ने कार १७३ मिटर ३५ मिटर बढी</td></tr>
<tr><td>फलाम छड</td><td>३४० के.जि</td><td>१०५</td><td>३५७६१</td><td>@ 200 mm राख्दा १३८ मिटरमा ६९० वटा हुनु पर्ने ९२० वटा दिएको (२३०*.६१७*२.४)</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४३६७२</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td>२४.२</td><td>२१</td><td>२०७८-६-२५</td><td>विद्युतिकरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेसिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । यो वर्ष नगरपालिकाले ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश भएका निर्माण कार्य जि आटा कारखाना देखि सम्सानघाट विद्युतिकरण उपभोक्ता समिति मार्फत गराई रु. ६,८८,८३५।- भुक्तानी गरेको छ । उपभोक्ता समितिसँग जटिल संरचना निर्माण कार्यको अनुभव, स्रोत साधनको न्यूनता, कानूनी व्यवस्था विपरीत भारी उपकरणको प्रयोग गरी जटिल संरचना निर्माणको कार्य गरेको देखियो । यस्ता कार्य व्यावसयिक रूपमा दर्ता भएका निर्माण व्यवसायीबाट प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४.३</td><td></td><td></td><td>नभएको कामको भुक्तानीः- पालिकाले वडा नं ४ मा सातोमाई अधुरो मन्दिर निर्माण वापत मन्दिर निर्माण उपभोक्ता समितिले पेश गरेको विल, नापी किताव को आधारमा कार्यसम्पन रु.१०,५४,७८४।-को तयार गरी पालिकाले व्यहोर्ने रकम रु.९,७७,७८५।- भुक्तानी दिएको छ। उक्त कार्यको स्थलगत निरीक्षण गर्दा अधुरो अवस्थामा रहेको मन्दिरको नापी किताब अनुसार निम्न अनुसार नभएको कार्यको भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु..
<table>
<tr><td>क्र.स.</td><td>विवरण</td><td>परिमाण</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>फलामको गेट १६ गेज</td><td>२.५८ वर्ग मि</td><td>१८०२५</td></tr>
<tr><td>२</td><td>काठको ढोका</td><td>१.९४ वर्ग मिटर</td><td>१०६७८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२८७०३</td></tr>
</table></td><td>२८,०७३</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>उपभोक्ता समिति(गाउँपालिका पुजिगँत)</td><td></td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>आयोजना अनुगमन एवं गुणस्तरः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले आफूले लिएको काम गुणस्तरिय बनाउन त्यसको प्राविधिक नाप जाँच प्राविधिकबाट गराई सार्वजनिक निकायबाट अनुगमन गराउनु पर्ने व्यवस्था छ। पालिकाले प्रत्येक योजनाको गुणस्तर परीक्षण गरी प्रतिवेदन लिने गरेकोमा M15(1:24:) ग्रेडको देहाय योजनामा तोकिएको अनुसार गुणस्तर पुगेको देखिएन ।तोकिएको भन्दा कम गुणस्तर</td><td>१,४०४,४६१</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>हुदाँ योजानको दिगोपना नहुने भएकोले संलगन निर्माण उपभोक्ता समिति र प्राविधिक कर्मचारीलाई थप जिम्मेवार बनाउदै यस कामको आवश्यक छानविन गरी प्रतिवेदन पेस गर्नु पर्ने रु.
<table>
<tr><td>योजनाको नाम</td><td>गो.भौ.नं. र मिति</td><td>क्युवको कास्टिङ दिन</td><td>प्राप्त हुने पर्ने परिणाम</td><td>प्राप्त भएको औसत परिणाम</td><td>रकम</td></tr>
<tr><td>लक्ष्मीनारायण मन्दिर मन्दिर निर्माण उपभोक्ता समिति</td><td>७७।०७८।११।१३</td><td>२८</td><td>१५N /sqmm (१०० प्रतिशत)</td><td>१४.९२N /sqmm (९९ प्रतिशत)</td><td>५००८२२</td></tr>
<tr><td>मुनि दासको घर देखि भरत ठाकुरको घर हुदैं दिनेश कुर्मीको घर देखि हिरालाल कुर्मीको घर सडक ढलान उपभोक्ता समिति</td><td>५१।०७८।१०।७</td><td>२८(०७८।८।२८-९।२६</td><td>१५N /sqmm (१०० प्रतिशत)</td><td>१४.८९N /sqmm (९९ प्रतिशत)</td><td>९०३६३९</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१४०४४६१</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५.२</td><td>२९</td><td>२०७८-७-१७</td><td>बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिंदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिले अधुरो जगदम्वा माई मन्दिर निर्माण उपभोक्ता समितिलाई रू. ६१०६७९।— भुक्तानी गर्दा देहाय अनुसार अनुसार रु. २५८३५।- बढी भुक्तानी गरेको देखियो । उक्त बढी रकम असुल हुनु गर्नु पर्ने रु.
<table>
<tr><td>विवरण</td><td>स्वीकृत दररु.</td><td>भुक्तानी दर रु.</td><td>फरक दर रु.</td><td>परिमाण</td><td>रकम रु.</td></tr>
<tr><td>प्लाष्टर</td><td>३१९</td><td>३७०</td><td>५१</td><td>३०० वर्ग मिटर</td><td>१५३००</td></tr>
<tr><td>बल्व</td><td>१२०८५</td><td>२२६२०</td><td>१०५३५</td><td>१ थान</td><td>१०५३५</td></tr>
</table></td><td>२५,८३५</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>

जम्मा					२५८३५

</td><td></td></tr>
<tr><td>२५.३</td><td>७७</td><td>२०७८-११-१३</td><td>

बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिंदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले लक्ष्मीनारायण मन्दिर मन्दिर निर्माण उपभोक्ता समितिलाई रू. ५००८२२।— भुक्तानी गर्दा देहाय अनुसार देहाय अनुसार रु. ९,५९०।- बढी भुक्तानी भएको देखियो । उक्त बढी रकम असुल गर्नु पर्ने रु.

विवरण	स्वीकृत दर रु.	भुक्तानी दर रु.	फरक दर रु.	परिमाण	रकम रु.
प्लाष्टर	३०९	३६०	५१	१०४.७२वर्ग मिटर	५३४०
पि.एस. सि. सिमेन्ट	६४०	७५०	११०	२५ बोरा	२७५०
होडिङ्ग बोर्ड	१५००	३०००	१५००	१ (बिल भन्दा कम)	१५००
जम्मा					९५९०

</td><td>९,५९०</td></tr>
<tr><td>२५.४</td><td></td><td></td><td>

दोहोरो फर्म वर्क: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले सोही आधारमा तयार गरेको दर विश्लेषणमा M 15 grade (1:2:4 mix by volume) फर्म वर्कको लागि काठ समते समावेश गरी रु. १०७३१।— प्रति घन मिटर दर निर्धारण गरेको छ । तर गाउँपालिकाले फर्म वर्कको लागि पुनः प्रति वर्ग मिटर रु.२२३।- का दरले भुक्तानी दिएको देखियो । उक्त बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु.

भौ.नं.	मिति	योजनाको नाम	विवरण	परिमाण	दर	रकम	कैफियत
४१	०७८।८।१२	मूल बाटो देखि हरिन्द्र साह तेलीको घरसम्म बाटो ढलान उ.स.	फर्म वर्कः	७३.१३	२२३	१६३०७	

</td><td>३४,३७०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८०</td><td>०७८।११।१३</td><td>नाला निर्माण उपभोक्ता समिति वडा नं. ३</td><td>फर्म वर्कः</td><td>८१</td><td>२२३</td><td>१८०६३</td><td>आ.र.सि. र पि.सि.सि. नभएको काम २७०*०.३) भुक्तानी</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>३४३७०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td>४०</td><td>२०७८-८-७</td><td>विद्युतिय पोल र तार जडान(सोझै खरिद)-सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले विद्युतिय पोल र तार खरिदको जडान कार्यमा विधुत प्राधिकरण दर विश्लेषणको अनुसार सुनौलो नेपाल कन्स्ट्क्सन मार्फत निर्माण कार्य गरेकोले प्रति ईकाई लागत विश्लेषण गरेको दर भन्दा बढी भुक्तानी भएको देखियो । उक्त बढी रकम असुल गर्नु पर्ने रु.
<table>
<tr><td>विवरण</td><td>परिमाण</td><td>दर</td><td>नर्म्स अनुसार दर</td><td>फरक दर</td><td>जम्मारु.</td></tr>
<tr><td>Shifting of of 9 meters P.S.C. Rampur ward no.2</td><td>३४</td><td>४८५०</td><td>३८९८.५</td><td>९५१.५</td><td>३२३५१</td></tr>
<tr><td>Shifting of 9 meters P.S.C. Rampur ward no.2</td><td>१५</td><td>४८५०</td><td>३८९८.५</td><td>९५१.५</td><td>१४२७२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>४६६२३</td></tr>
</table>
</td><td>४६,६२३</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>अमानतबाट कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले १ लाख रुपैयामा नबढाई अमानतबाट काम गराउन सक्ने उल्लेख छ । पालिकाका अन्तर्गत विभिन्न वडामा नाला सफाई गरेको उल्लेख गरी ईन्धनको विल पेश गरेको आधारमा वडा अध्यक्ष गम्हिरा राउत कुर्मीबाट रु.३३०४२५ तोकिएको सीमा भन्दा बढीको अमानतबाट काम गराई भुक्तानी भएको छ । उक्त कार्यको लागत अनुमान, नापि किताव, कार्य</td><td>३३०,४२५</td></tr>
</table>

			सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन समावेश नभएको, कामसँग सम्बन्धित फोटो नराखेको हुँदा भुक्तानी बाट काम भएको सम्बन्धमा विश्वस्त हुने आधार रहेन । नियमावलीको प्रावधान विपरित दिएको भुक्तानी नियमसम्मत देखिएन। सम्वन्धित कार्यको लागत अनुमान, नापि किताव, कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन समावेश नभएको, कामसँग सम्बन्धित फोटो सहितको प्रमाणित श्रेस्ता पेश गर्नुपर्ने अन्यथा सम्वन्धितबाट रकम असुल गर्नुपर्ने रु..	
२८			**गैह सरकारी संस्थाबाट खरिद**	
२८.१			**गैर सरकारी संस्था मार्फत खरिद**-सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समायवधी, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गरी तोकिएको खरिद प्रक्रिया पुरा गरी खरिद गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले उल्लेखित व्यवस्था अनुरुप क्रियाकलापगत लागत अनुमान तयार नगरी वजेटलाई आधार बनाई कोटेशन माग गरी २1 संस्था मार्फत विभिन्न तालिम, गोष्ठि संचालन गरी रु.७6,14,309 खर्च लेखेको छ । यसरी एकमुष्ठ बजेटको आधारमा कोटेशन माग गरी खरिद गर्नु उचित देखिएन ।	

भौचर मिति	**कार्यक्रम**	**संचालन मिति**	**संस्थाको नाम**	**रकम**
२४-०७८।६।२५	लोकसेवा कक्षा संचालन	२०७८।१।२-२।१६	नेशनल स्किल डेभलपमेन्ट इन्स्टिच्यूट	४९७२५०
४१-०७८।७।११	लोकसेवा कक्षा संचालन	२०७८।१।२-२।१६	सक्सेस प्रिपेशन ईन्स्टिच्यूट	४९९०००
६७-०७८।७।२३	महिलाका लागि नेतृत्व विकास	०७८।७।१४-७।१६	सामुदायिक तालिम केन्द्र	२४७७२४
६८-०७८।७।२३	महिला हिंसा विरुद्ध तालिम	०७८।७।११-७।१३	एग्रिकल्चर एण्ड स्किल डेभलपमेन्ट	२४८१४८

७९-०७८।७।२३	महिला हिंसा विरुद्ध तालिम	०७८।७।११-७।१३	एग्रिकल्चर एण्ड स्किल डेभलपमेन्ट	२४८१४८
७०-०७८।७।२३	महिलाका लागि नेतृत्व विकास	०७८।७।१४-७।१६	सामुदायिक तालिम केन्द्र	२४८२६१
१२६-०७८।९।१६	व्यवसायिक तरकारी उत्पादन तालिम	०७८।९।३-०७८।९।८	ग्रामिण क्षेत्र तथा कृषिवन विकास केन्द्र	४९८००२
१४६-०७८।१०।७	बाल विवाह तथा दाइजोबारे जनचेतना तालिम	२०७८।९।२३	युवा तथा समाज सेवा केन्द्र	२४९६००
१५९-०७८।१०।२७	लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण तालिम	२०७८।९।२२-९।२६	ग्रामिण स्वरोजगार तालिम तथा परामर्श केन्द्र	२९९०००
१६३-०७८।१०।२७	बालबालिका नेतृत्व विकास तालिम	२०७८।१०।७-१०।१०	पर्सा सिपमुलक तालिम केन्द्र	२९९४००
१७६-०७८।११।८	१ महिने सिलाई कटाई तालिम		UD BI SEFCOMPUTER EDUCATION	४९९४०३
१९२-०७८।११।२३	सिलाई कटाई तालिम	२०७८।८।१४-९।१५	प्रोफेसनल क्रियटिभ ट्रेनिङ्ग सेन्टर	४९९४०३
२०४-०७८।११।२९	१ महिने सिलाई कटाई तालिम	२०७८।१०।१५-११।१५	माँ विन्दवासिनी डेभलपमेन्ट एण्ड शिप सेन्टर	४९८८९५

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>३६२-०७९।३।१४</td><td>लोकसेवा कक्षा संचालन</td><td>२०७८।११।८-१२।२५ को अवधिमा ४५ दिन</td><td>सक्सेस प्रिपेशन ईन्स्टिच्यूट</td><td>४९८५००</td></tr>
<tr><td>३६३-०७९।३।१४</td><td>लोकसेवा कक्षा संचालन</td><td>२०७८।११।८-१२।२५</td><td>राष्ट्रिय जनचेतना विकास केन्द्र</td><td>४९७०००</td></tr>
<tr><td>३८७-०७९।३।२२</td><td>न्यायिक समिति तालिम संचालन</td><td></td><td>जनजागरण सामाजिक संस्था</td><td>१९७९००</td></tr>
<tr><td>३८७-०७९।३।२२</td><td>कर्मचारी क्षमता विकास</td><td></td><td>नेपाल आयुर्वेद मेडिकल कलेज फाउण्डेसन</td><td>२९८५००</td></tr>
<tr><td>३९७-०७९।३।२३</td><td>वातावरण संरक्षण तथा वन व्यवस्थापन तालिम</td><td>२०७९।३।१७-३।२०</td><td>सांस्कृतिक एवम् सामाजिक विकास क्लव</td><td>२४८१७५</td></tr>
<tr><td>४२६-०७९।३।२५</td><td>लिसा सुचक कार्यक्रम</td><td>२०७९।३।२१</td><td>ग्रामिण प्रविधि केन्द्र</td><td>२९८०००</td></tr>
<tr><td>४२८-०७९।३।२५</td><td>दलित शसक्तिकरण तालिम</td><td>२०७९।३।११-०७९।३।१४</td><td>रुरल स्किल डेभलपमेन्ट सेन्टर</td><td>२४९०००</td></tr>
<tr><td>३९१-०७९।३।२३</td><td>सार्वजनिक सुनुवाई कार्यक्रम</td><td>०७९।३।१९-२०</td><td>सहयोगी नेपाल</td><td>४९५०००</td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा</td><td></td><td>७६१४३०९</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२८.२</td>
<td></td>
<td></td>
<td>मापदण्ड भन्दा बढी भुक्तानीः प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को दफा १५ अनुसूचि २ मा कार्यक्रम संचालन गर्दा खर्चको मापदण्ड निर्धारण गरेको छ। गाउँपालिकाले संचालन गरेको विभिन्न तालिम तथा</td>
<td>१,३१६,६००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>कार्यक्रममा निर्धारित मापदण्ड भन्दा फरक दरमा भुक्तानी दिएको देखियो। लेखापरीक्षणको क्रममा नमुना छनौटमा परेका अनुसूची खण्ड उल्लेख गरेको कार्यक्रममा मापदण्ड भन्दा बढी भुक्तानी दिएको रु.१३१६६०० सम्बन्धित संस्थाबाट असुल गर्नुपर्ने रु...</td><td></td></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>लोकसेवा कक्षा संचालनः प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को दफा १५ अनुसूचि २ मा कार्यक्रम संचालन गर्दा खर्चको मापदण्ड निर्धारण गरेको छ। अनुसूचि २ तालिम कार्यक्रममा प्रशिक्षक भत्ता प्रति कक्षा रु.१४०० का दरले भुक्तानी दिन सकिने व्यवस्था छ। गाउँपालिकाले २०७८।१।२ देखि २०७८।२।१६ को अवधिमा ३५ दिन एकै अवधिमा नायव सुव्वा तथा शाखा अधिकृतको र ३५ दिन खरिदारको कक्षा संचालन भएको उल्लेख गरी रु.१९९१७५० भुक्तानी दिएको छ। दुवै संस्थाबाट पेश भएको प्रशिक्षकको हाजिरी अनुसार ६ जना विद्यालयका शिक्षकहरुले कक्षा लिएको हाजिर भरपाई पेश भएको छ। कक्षा संचालन गर्ने संस्थालाई कक्षाको भुक्तानी दिदा कार्यक्रममा निर्धारित मापदण्ड भन्दा फरक दरमा भुक्तानी दिएको देखियो। निम्नअनुसार मापदण्ड भन्दा बढी भुक्तानी दिएको रु.१६४५०० सम्बन्धित संस्थाबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क.स</th><th>विवरण</th><th>संख्या</th><th>मापदण्ड अनुसार दर</th><th>भुक्तानी दर</th><th>भुक्तानी हुने रकम</th><th>बढी रकम</th></tr>
<tr><td>१.</td><td colspan="4">नेशनल स्किल डेभलपमेन्ट इन्स्टिच्युट लोकसेवा कक्षा संचालन रु.४९७२५०</td><td></td><td></td></tr>
<tr><td></td><td>श्रोत व्यक्ति एकमुष्ठ भुक्तानी</td><td>३५ दिन प्रति दिन ४ कक्षा संचालन</td><td>१८००*४*३५</td><td>२८००००</td><td>२५२०००</td><td>२८०००</td></tr>
<tr><td></td><td>विविध खर्च</td><td>१ कार्यक्रम</td><td>१२०००</td><td>४५०००</td><td>१२०००</td><td>३३०००</td></tr>
<tr><td></td><td colspan="4">नेशनल स्किल डेभलपमेन्ट इन्स्टिच्युटको जम्मा</td><td></td><td>६१०००</td></tr>
</table></td><td>१६४,५००</td></tr>
</table>

२	**सक्सेस प्रिपेशन ईन्स्टिच्यूट लोकसेवा कक्षा संचालन रु.४९९०००**					
	श्रोत ब्यक्ति एकमुष्ठ भुक्तानी	३५ दिन प्रति दिन ४ कक्षा संचालन	१८००*४*३५	२८००००	२५२०००	२८०००
	विविध खर्च	१ कार्यक्रम	१२०००	४५०००	१२०००	३३०००
		सक्सेस प्रिपेशन ईन्स्टिच्यूटको जम्मा				**६१०००**
३	**सक्सेस प्रिपेशन ईन्स्टिच्यूबाट लोकसेवा कक्षा संचालन रु.४९८५००**					
	विविध खर्च	१ कार्यक्रम	१२०००	२८५००	१२०००	१६५००
	सक्सेस प्रिपेशन ईन्स्टिच्यूको जम्मा					१६५००
४	**राष्ट्रिय जनचेतना विकास केन्द्रबाट लोकसेवा तयारी कक्षा संचालन रु.४९७०००**					
	विविध खर्च	१ कार्यक्रम	१२०००	३८०००	१२०००	२६०००
	राष्ट्रिय जनचेतना विकास केन्द्रको जम्मा					२६०००
	कुल जम्मा					१६४५००

२८.४			**कर कट्टीः** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थाको सम्झौताको रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मूल्य अभिवृद्धि करमा दर्ता नभएका देहायका संस्थालाई सेवा खरिद गरी रु. ३३८६८७८।-भुक्तानी	३२८,४३०

			दिएको छ। मूल्य अभिवृद्धि कर विजक जारी नगर्ने उक्त संस्थालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर रु. ५०७३३१।-कट्टी गरी भुक्तानी दिनुपर्नेमा रु. १७८९०१।- मात्र अग्रिम कर कट्टा गरी भुक्तानी गरेको देखियो । उक्त नपुग कर रु.३२८४३०।- असुल गर्नुपर्ने रु.	
२९			**राजस्व व्यवस्थापन**	
२९.१			**राजस्व दाखिला समयमा गरे नगरेको:** रसिद नियन्त्रण खाता अनुसार विभिन्न वडा कार्यालयहरुलाई हस्तान्तरण भएका नगदी तथा मालपोत रसिदहरु सबै फिर्ता भएका छैनन्। यसबाट पालिकाको मालपोत तथा तथा विभिन्न सिफारिसहरुमा उठ्नुपर्ने वास्तविक आम्दानी एकीन गर्न सकीएन। गाउँपालिकाको रेकर्ड अनुसार वडा न ३ का वडा सचिवले नगदी रसिद १२ ठेली बुझी लगेकोमा ८ ठेली र मालपोत ११ ठेली बुझीलगेकोमा ९ ठेली फिर्ता गर्न बाकी देखिन्छ। यस्तै वडा न ४ का वडा सचिवले नगदी रसिद ७ ठेली लगेकोमा ६ थान र मालपोद रसिद ६ ठेली लगेकोमा ६ थान नै फिर्ता गर्न बाकी देखिन्छ। पालिकाले सम्बन्धित वडा सचिवहरुबाट नगदी तथा मालपोत रसिद फिर्ता गर्न लगाइ दाखिला गर्नुपर्ने राजस्व तथा सोमा कानूनबमोजिम लाग्ने व्याज समेत असुल गर्नुपर्दछ।	
२९.२			**अनुमान र वास्तविक संकलन**- गाउपालिकाले यस वर्ष विभिन्न ३४ राजस्व शीर्षकबाट रु. ४४४४३५९९७।५०राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा वास्तविक रुपमा रु.३००७३४२०७।५५ राजस्व संकलन भएको छ। ३४ शीर्ककमध्ये १६ शीर्षकमा राजस्व संकलन नै भएको देखिदैन। गाउपालिकाले सम्भावित सबै क्षेत्रबाट राजस्व संकलन गरी पालिकाको आन्तरिक आम्दानी बढाउन ध्यान दिनुपर्दछ।	
२९.३			सहकारी नियमन- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट	

			अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।	
३०			**सम्परीक्षण** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजू फस्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्ष लेखापरीक्षणको क्रममा बाँकी बेरुजुमध्ये सम्परीक्षण डोर समक्ष सम्परीक्षणका लागि अनुरोध पत्र पेश भएन।	